म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८९ बिहीबार १७ जेठ २०८१ ने. सं. ११४४ बछलागा 30 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

इन्द्रसरोवरमा करेन्ट लागेर बालकको मृत्यु

हेटौंडा, १५ जेठ/मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिका-५, बाघखोरस्थित क्रसरमा करेन्ट लागेर एक बालकको ज्यान गएको छ । करेण्ट लागेर १३ वर्षीय रोहित रुम्बाको ज्यान गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बुधबार दिउँसो ३ बजेको समयमा सडक निर्माणका लागि स्थापना गरिएको अमर कन्ट्रक्सन क्रसरको ट्रान्समिटरको तारमा छुँदा बालकको करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको थियो । बालकको मानसिक अवस्था ठीक नभएको प्रहरीले जानकारी दिएको छ । प्रहरीचौकी फाखेल र इलाका प्रहरी कार्यालय भीमफेदीबाट टोली खटिएर मुचुल्का तथा अनुसन्धान कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

खेल पूर्वाधार, खेलाडी उत्पादन बागमतीको प्रथमिकतामा

प्रतिक्षा न्यौपाने



हेटौंडा, १६ जेठ/ खेलाडीलाई राज्यको सम्पती अर्थात 'राज्यको गहना' का रुपमा लिने गरिन्छ । तर, पछिल्लो समय देशमा भएका राम्रा खेलाडी खेलक्षेत्रमा आफ्नो भविस्य सुनिश्चत नदेखिएपछि खेलक्षेत्रबाट पलाएनको बाटो रोज्न बाध्यछन् ।

आफूसँग भएको सीप, क्षमताले राज्यको प्रतिनिधित्व गर्दै अन्तराष्ट्रिय रुपमा देशलाई चिनाएका खेलाडीहरु दिनप्रतिदिन बाहिरिदा राज्यले भने खेलाडीलाई स्वदेशमै खेलेरै बाँच्नसक्ने वातावरण सिर्जना गर्न सकेको छैन । यस्तै नेपाली खेलकुद क्षेत्रमा देखापरेका परि स्थितिकाबीच केही आशा लाग्दा कामहरु भने हुन थालेका छन् । राज्य संघीय संरचनामा गएसँगै स्थापना भएको बागमती प्रदेश सरकारले खेलकुदलाई विशेष प्रथामिता दिदै खेलक्षेत्रमा भविस्य खोजिरहेका खेलाडीका लागि आशा जगाउने काम गरिरहेको छ ।

बागमती प्रदेश सरकार स्थापनाको पहिलो वर्ष नै तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश युवा खेलकुद परिषद् गठनको कार्य अघि बढाए । त्यसको मुख्य उद्देश्य प्रदेशलाई खेल क्षेत्रको उर्वरभूमिको रुपमा स्थापित गर्दै प्रदेश अन्तगर्तका जिल्लामा खेलक्षेत्रको विकास गर्ने विविध योजना अघि सारे । त्यसलगत्तै तत्कालीन मुख्यमन्त्री पौडेलले खेल क्षेत्र हेर्न छुट्टै निकायको आवश्यकता रहने भन्दै प्रदेश खेलकुद परिषद् गठन गरे ।

परिषद् गठनलगत्तै आफ्नो कार्यकालमा खेलक्षेत्रमा बजेट विनियोजन गर्न सुरु गरेकामा वर्तमान सरकारले पनि त्यसलाई निरन्तरता दिदै विषेश चासोका साथ खेलक्षेत्रलाई अघि बढाइरहेको छ । पौडेल नेतृत्वको सरकारकै समयमा प्रदेश राजधानी हेटौंडा घोषणा भएको हो । यद्यपि त्यसबखत प्रदेश राजधानी हेटौंडा भईकन पनि हेटौंडामा कुनैपनि सुविधा सम्पन्न रंगशाला थिएन्न । २०३९ सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालनको क्रममा हेटौंडा-६ गौरीटारमा सुविधा सम्पन्न रंगशाला निर्माण गरिने घोषणा भएको थियो ।

रंगशाला घोषणा भएपनि कुनैपनि काम अघि नबढेको अवस्थामा २८ जेठ २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले गौरीटार रंगशालामा केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माणको शिलान्यास गरेका थिए । त्यतिबेला पाँच वर्षमा निर्माण सक्ने भनेपनि बजेट न्यून मात्र पाउँदा रंगशालाको वरपर पर्खाल लगाउने र खेलाडीको छात्राबास मात्र बनेको थियो । झण्डै १५ वर्षअघि शिलान्यास भएको रंगशालालाई प्रदेश सरकार स्थापनालगत्तै आफ्नो प्रदेश गौरवको योजनाको रुपमा समेटेर तीव्रगतिमा काम गरिरहेको छ ।

प्रदेश संरचना आउनुपूर्व जिल्ला खेलकुद विकास समितिको स्वामित्व रहेको रंगशालाको २३ बिगाह जमिन हाल प्रदेश संरचनामा जिल्ला खेलकुद समिति र प्रदेशको स्वामित्वमा आएको छ । त्यसबखत गौरीटार रंगशाला निर्माणमा संघीय सरकारले करिब आठ करोड रुपैयाँ लगानी गरेको थियो । पाँच अर्ब लागत अनुमान गरिएको योजनामा संघीय सरकारले बजेट लगानी गर्न नसक्दा लामो समय अलपत्र बनेको थियो । संघीय सरकारले अलपत्र छाडेको गौरीटार रंगशाला निर्माणले गति लिएको छ ।

प्रदेशको तत्कालीन समाजिक विकास मन्त्रालय र हालको युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको प्रदेश खेलकुद परिषदले रंगशाला निर्माणको नेतृत्व गर्दै प्रदेशमा विविध खेलकुदका प्रतियोगिताहरु गर्दै आईरहेको छ । प्रदेश सरकारले २३ बिगाहा क्षेत्रफलमा करिब ५ अर्व रुपैयाँमा रंगशाला निर्माण गर्दै त्यसभित्र विषेश प्रथामिकताका साथ फुटबल स्टेडियम, पौडीपौखरी, क्रिकेट रंगशाला, एथलेटिक्स खेलका लागि पूर्वाधार, फिटनेस सेन्टर लगायत २१ वटा खेल संरचना निर्माण गरिरहेको छ ।

बागमती प्रदेश सरकारले पहिलो चरणमा गौरिटारभित्र सुसविधा सम्पन्न अन्तराष्ट्रिय मापदण्ड अनुरुपको फुटबल रंगशाला निर्माणलाई प्राथमिकता दिदै तिव्रगतिमा काम गरिरहेको छ । रंगशालाको काम अन्तिमचरणमा पुगेको बागमती प्रदेश खेलकुद परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिए । 'चालु आर्थिक वर्षभित्रै सम्पन्न गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरु संचालन गर्ने परिषदको लक्ष्य छ', सदस्यसचिव भण्डारीले बताए ।

रंगशाको करीब ९५ प्रतिशत काम सम्पन्न भईसकेको भन्दै सदस्यसचिव भण्डारीले रंगशालाभित्र चार हजार पाँच सय दर्शक क्षमताको प्यारापिट निर्माणको काम पनि अन्तिम चरणमा पुगेको बताए । प्रत्येक वर्ष हुँदै आएको 'राष्ट्रिय ए डिभिजन लिग' का केही खेलहरु काठमाडौंमा मात्र हुँदै आएकोमा परिषद्ले प्रतियोगिताका केही खेलहरु निर्माणधिन रंगशालामा गर्ने र अन्तराष्ट्रिय खेल समेत गर्न सक्ने लक्ष्य सहित तीव्रगतिमा काम गरिरहेको जनाएको छ ।

रातिको समयमा समेत फुटबल प्रतियोगिता संचालन गर्न मिल्ने गरी रंगशाला निर्माण गरिरहेको छ । रंगशाला भित्र खेलाडीका लागि छुट्टै कोठाहरु, आवासगृह, सुबिधा सम्पन्न शौचालय, मिडिया सेन्टरका लागि विशेष कक्ष, प्रतियोगिता संचालनको क्रममा हुनसक्ने संम्भावित दुर्घटना र खेलाडीलाई लाग्नसक्ने चोटपटकको उपचारका निम्ति चिकित्सक बस्ने छुट्टै कक्षलगायत पूर्वाधार बन्ने सदस्यसचिव भण्डारीले बताए ।

रंगशाला निर्माण सम्पन्न गर्न करिब ३० करोड खर्च लाग्ने छ । गौरिटार रंगशाला परिसरभित्रै अन्तराष्ट्रिय मापदण्डको क्रिकेट रंगशालासमेत निर्माण भइरहेको छ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न मिल्ने क्रिकेट रंगशाला निर्माणका लागि प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ मा चार करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । १२ करोड लागत अनुमान गरिएको रंगशाला निर्माणको कार्य २०८२ साल असार मसान्तमा सम्पन्न गर्ने लक्ष्य सहित द्रुतगतिमा कार्य भइरहेको छ ।

अन्तराष्ट्रिय मापदण्ड अनुसारको ग्राउण्ड, ड्रेन, स्कोर बोर्ड, साईड स्क्रिनलगायत अन्तराष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न आवश्यक पर्ने मापदण्ड सहितको संरचनाहरु निर्माण हुने सदस्यसचिव भण्डारीले बताए । गोरीटार रंगशालामा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न मिल्ने पौडीपोखरी निर्माणको काम अघि बढाइएको छ । पौडीपोखरी अन्तर्राष्ट्रिय मापदण्ड बमेजिम निर्माण हुँदै गरेको सदस्यसचिव भण्डारीले बताए । प्रदेश सरकारको ९ करोडको लागतमा २ वटा पौडीपोखरी निर्माणको काम अगाडि बढाइएको भण्डारीले बताए ।

निर्माणाधीन पोखरीमध्ये एउटा पोखरी अभ्यासका लागि र अर्को प्रतियोगिता संचालन गर्न मिल्ने गरी निर्माण कार्य भइरहेको छ । पौडीखेलका लागि एउटा ब्लकमा प्यारािफट, ड्रेस चेन्जिङ रुमसहित आवश्यक पूर्वाधार निर्माण हुने परिषदले जनाएको छ । कुल साँढे ५ अर्ब बजेटको गुरुयोजना अनुसार रंगशालाभित्र ९ वटा कबर्डहल, ८ वटा ट्रेनिङ सेन्टर, फिटनेस सेन्टर, होस्टेललगायत संरचना बन्ने उनले बताए । सदस्यसचिव भण्डारीले प्रदेश खेलकुद विकास परिषदले जनशक्ति विकास र पूर्वाधार विकासलाई प्राथमिक्ता दिएर काम गरिरहेको बताए ।

'संविधानले खेलकुदलाई तिनैतहको साझा अधिकारको सूचीमा राखेको छ । यस्तै राष्ट्रिय खेलकुद ऐनले समेत प्रदेश खेलकुद संरचनाहरु प्रदेश कानुनबमोजिम गठन हुनेछन् भनेको छ ।

क्रमश: पृष्ठ-३.....

ऋषेश्वर-११ जित्यो थाहा गोल्डकपको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ ऋषेश्वर ११ फुटबल क्लबले पाँचौं संस्करणको थाहा गोल्डकपको उपाधि जितेको छ । थाहा नगरपालिका-४ स्वास्थ्यचोकको ऋषेश्वर-११ ले खेलकुद विकास समिति चित्लाङलाई ७-० गोलको फराकिलो अन्तरले पराजित गरेको हो ।

थाहा नगरपालिकाको इन्द्रायणीचौर खेलमैदानमा बुधबार भएको फाइनल खेलमा ऋषेश्वर-११ ले उपाधि चुमेसंगै नगद २ लाखसहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । ऋषेश्वरको जितमा अमित तामाङले १ गोल, रिचार्ड विल्सनले ३ गोल, सन्जोग मोक्तानले १ गोल र सुनिल तामाङले २ गोल गरेका थिए ।

प्रतियोगितामा ऋषेश्वर-११ का रिचार्ड विल्सनले प्रतियोगिता अवधिभर ७ गोल गर्दै हाइ स्कोरर हुँदा बेस्ट डिफेन्डर ऋणेश्वरकै अमित तामाङ, उत्कृष्ट गोलकिपर ऋणेश्वरका नवीन सिलवाल र प्रतियोगिताको उत्कृष्ट खेलाडी ऋषेश्वर ११ का प्रदिप गुरुङ घोषित भए । प्रतियोगिताका उपविजेता खेलकुद विकास समिति चित्लाङले नगद १ लाखसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

विधागत उत्कृष्ट खेलाडीले नगद ५ हजार सहित ट्रफी पुरस्कार पाए भने उत्कृष्ट खेलाडीले नगद १० हजार रुपैयाँ पुरस्कार पाएका छन् । प्रतियोगितामा बिजेता तथा उपबिजेता टिमलाई थाहा नगर प्रमुख विष्णुबहादुर विष्ट तथा उपप्रमुख भरत गोपालीलगायत अतिथिले पुरस्कार प्रदान गरेका थिए । शिखर क्लवका अध्यक्ष विश्व अर्यालको सभाध्यक्षतामा भएको पुरस्कार वितरण तथा समापन कार्यक्रममा शिखर क्लवका पूर्वखेलाडी तथा पूर्वअध्यक्षहरुलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो ।

पुरस्कार वितरण समारोहमा थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, थाहानगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तान, थाहानगरको ३ नम्बर वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ४ नम्बर वडाध्यक्ष नारायण लामा, ९ नम्बर वडाध्यक्ष राजकुमार बलामी, पूर्वखेलकुद विकास समिति संयोजक राजेश केसी, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्ट, राप्रपा थाहानगर कार्यवाहक अध्यक्ष कुलमान तामाङ, रास्वपा नगर सभापति जयराम खत्री, पालुङ जेसीजका अध्यक्ष निरज रायमाझी, नगर खेलकुद विकास समिति सदस्यसचीव अनिल लामिछाने, सदस्य यादव रायमाझी, सुमन बिष्ट, विभिन्न संघसंस्थाका प्रतिनिधिलगायत अतिथिको उपस्थिति थियो ।

९ वटा टिमको सहभागिता रहेको प्रतियोगिता थाहा नगरपालिका खेलकुद विकास समितिको आयोजना तथा शिखर क्लवको व्यवस्थापनमा १२ जेठबाट सुरु भएको हो ।

मकवानपुरमा कार दुर्घटना, बाबुछोरी र चालकसहित तीन जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ काठमाडौंबाट हेटौंडा आउँदै गरेको बा.६ च ९३६९ नम्बरको कार दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ । भीमफेदी गाउँपालिका-६ स्थित जुरिखेतमा मंगलबार दिउँसो कार करिब २५० मिटर तल खोल्सामा खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मकवानपुरको मनहरी गाउँपालिका-८ बेलुवा बस्ने २६ वर्षीय अर्जुन नेपाली र उनको छोरी ३ महिनाकी अर्जिताको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । कार चालकको पनि मृत्यु भएको प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

उनकाअनुसार मृतक चालकको पहिचान खुलिसकेको छैन । मृतक तीनजनाको हेटौंडा अस्पतालका चिकित्सकले मृत घोषणा गरेको भण्डारीले बताए । दुर्घटनामा परी दुईजना महिला गम्भीर घाइते भएका छन् । घाइते मनहरी-८ बेलुवा बस्ने २३ वर्षीया सरिता परियार र चितवन राप्ती नगरपालिका-१ लोथर बस्ने ३५ वर्षीया सानोकान्छीको मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको डिएसपी भण्डारीले जनाए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७–५९०३३३

ELITE AIMERS INSTITUTE The Dream into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
- Computer in Graphic Design
- Computer in web Devlopment
- Computer in Accounting Package
50% OFF for +2 Student
- Diploma in Computer
- Japanese Language
- IELTS/PTE Class
☛ शान्त तथा स्वच्छ वातावरण
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ हरेक हप्ता Model Test
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

हाम्रो कुरा

कपडा उद्योगमा झुटको खेती

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेट सार्वजनिक गर्दैगर्दा हेटौंडा कपडा उद्योग संचालन गर्ने घोषणा पुन: दोहो-याएको छ । यो दोहो-याउने क्रम दर्जनौं पटक भइसक्यो । तर, उद्योग संचालन हुने कुनैपनि लक्षण छैन । संघीय संसदको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै अर्थमन्त्री बर्षमान पुनले हेटौंडा कपडा उद्योग संचालनमा ल्याइने बताएका छन् जुन विषय जनताका आँखामा छारो हाल्ने काम मात्र बनेको छ । पछिल्ला वर्ष हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने भन्दै आधा दर्जन अध्ययन भए । सोही प्रतिवेदन अनुसार उद्योग सञ्चालनको प्रस्तावबारे पटकपटक मन्त्रीपरिषदमा छलफल पनि भयो तर, उद्योग संचालन भने हुन सकेन । प्रत्येक उद्योगमन्त्रीको पहिलो काम नै हेटौंडा कपडा उद्योग चलाउने भन्दै अध्ययन समिति बनाउँछन् । तर, प्रतिवेदनको आधारमा उद्योग भने चलाउन प्रक्रिया अघि बढ्दैन ।

पूरानो प्रतिवेदनलाई नयाँ आएका मन्त्रीले स्वीकार गर्दैनन् र नयाँ समिति बनाइहाल्छन् । त्यो सबै प्रतिबेदन मन्त्रालयकै कुन दराजमा थन्किएको छ कसैले जवाफ दिन सक्दैनन् । २०३६ सालमा चीन सरकारले करीब २० करोड रुपैयाँ लगानी गरेर हेटौंडामा खोलिदिएको कपडा उद्योग २०५७ साल यता बन्द छ । चरम राजनीतिकरण र प्रशासनिक कमजोरीको कारण बन्द भएको उद्योग फेरि सञ्चालन गर्ने भन्दै दर्जन उद्योगमन्त्रीले प्रयास गरे । तर, नतिजा शून्य छ । उद्योग मन्त्री अष्टलक्ष्मी शाक्य, महेन्द्रप्रसाद यादव, अनिलकुमार झा, महेश बस्नेत, नविन्द्रराज जोशी, मातृका यादवलगायत सबैले हेटौंडा कपडा उद्योग चलाउने बताएका थिए । ०६५ सालमा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने र त्यसबाट उत्पादित कपडा नेपाली सेना, नेपाल प्रहरी र निजामति कर्मचारीको पोसाकमा प्रयोग गर्ने भन्दै उद्योग सञ्चालनको लागि ८ करोड रुपैयाँ अनुदान दिएका थिए । उद्योगमन्त्री अष्टलक्ष्मी शाक्यले कपडा उद्योग पुन: सञ्चालनको सम्भाव्यता अध्ययनको लागि कार्यदल बनाइन् र कार्यदलले उद्योग सञ्चालको विभिन्न मोडल सहितको प्रतिवेदन बुझायो । तर, त्यसबेलाको राजनीतिक अस्थिरताका कारण नौ महिनामै सरकार ढल्यो । उद्योग चलाउने योजना सरकारसँगै ढल्यो । ०७० सालमा तत्कालीन माओवादीको हेटौंडा अधिवेशनको क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले हेटौंडा कपडा उद्योग जसरी पनि सञ्चालन गरिछाड्ने भाषण गरे । तर, त्यसैबेला, सुशील कोइराला नेतृत्वको मन्त्रीपरिषद् भने उद्योग खारेज गरेर उद्योगको भवन र भौतिक पूर्वाधारवापतको रकम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा शेयरको रुपमा लगानी गर्ने निर्णयमा पुगिसकेको थियो । त्यसबेला नेकपा एमाले र नेपाली कांग्रेसको संयुक्त सरकारमा उद्योगमन्त्री बनेका कर्णबहादुर थापालाई अपदस्थ गरेर महेश बस्नेतलाई मन्त्री बनाएपछि उनले हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने विषयलाई फेरि ब्यूँताए । बस्नेतले पनि उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गर्न मन्त्रालयकै सहसचिवको नेतृत्वमा कार्यदल बनाएर प्रतिवेदन बनाउन लगाए । त्यो कार्यदलले पनि उद्योग चलाउन सकिन्छ भन्यो ।

२०७३ सालमा कांग्रेस र माओवादी केन्द्रको संयुक्त सरकारमा पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा उद्योग मन्त्रालयको जिम्मेवारी पाएका जोशीको ध्यान पनि हेटौंडा कपडा उद्योगमा पुग्यो । उनले उद्योग सञ्चालनमा ल्याउनको लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न भनेर योजना आयोगका पूर्वसदस्य डा. पुष्कर बज्राचार्यको संयोजकत्वमा ८ सदस्यीय कार्यदल गठन गरे । कार्यदलले नेपाली सेनालाई संलग्न गराएर कपडा उद्योग पुन: सुचारु गर्न सकिने राय सहितको प्रतिवेदन मन्त्रीलाई बुझायो । तर, प्रतिवेदन माथि मन्त्रालयमा गहन छलफलसँगै कार्यन्वयनको प्रक्रिया अघि बढाइएको छैन । हरेक मन्त्री जिम्मेवारीमा आएपछि नयाँ काम देखाउने होडका कारण अध्ययन कार्यदल बनाइहाल्छन् तर, समयक्रमसँगै यो विषय ओझेलमा पर्ने गरेको छ । अध्ययन गराउँछन तर, कार्यान्वयन हुँदैनन् । कतिपय अवस्थामा मन्त्रालय तथा सरकारी कार्यलयबीच प्रभावकारी समन्वय हुन नसक्दा पनि यस्ता प्रतिवेदन दराजमै कुहिन्छन् । अघिल्ला मन्त्रीले गरेको काममा विश्वास नगर्ने र क्रेडिट पनि दिन नचाहने कारणले हरेक मन्त्रीले अध्ययन कार्यदल बनाउने गरेका छन् ।

आर्थिक अराजकता र प्रशासनिक कुशासन

✍सागर पण्डित

हाम्रो प्रशासनिक संयन्त्र भ्रष्टाचार र अनियमिततामा चुर्लुम्म डुबेकाले पनि कुशासन मौलाइरहेको छ। राजनीतिक नेतृत्व त्यो भन्दा पनि बढी भ्रष्ट भएको र उनीहरुले प्रशासनमा देखिएको विकृति रोक्न कुनै भूमिका खेलेका छैनन्। आफैं भ्रष्ट भएपछि अन्य भ्रष्ट पक्षलाई रोक्न सक्ने कुरै भएन। त्यसैले हाम्रो देश भ्रष्टाचार र कुशासनको दलदलमा फस्दै आइरहेको हो भन्दा अत्युक्ति हुँदैन ।

केही दिनअघि मात्रै महालेखा परीक्षकको कार्यालयले आफ्नो ६१ औँ वार्षिक प्रतिवेदन सार्वजनिक ग-यो । यसपटक पनि सरकारी निकायमा बेरुजुको विकृति उस्तै देखियो । त्यसो त यो नयाँ होइन । हामीकहाँ बर्सेनि बेरुजु बढ्ने क्रम जारी छ । महालेखाले सरकारी निकायको बर्सेनि लेखापरीक्षण गर्छ, यस क्रममा कैयौँ निकायको बेरुजु आउने गरेको छ । महालेखाले बेरुजु फर्स्यौट गर्न ध्यानाकृष्ट गराउँछ र आगामी दिनमा बेरुजु रोक्ने उपायहरु अवलम्बन गर्न सरकारी निकायलाई निर्देश पनि गर्छ । तर महालेखाको यस्तो निर्देशन र सुझावलाई हाम्रा सरकारी निकायले डम्पिङ साइटमा फाल्ने गरेका छन् ।

यदि महालेखाले दिएको सुझावलाई कार्यान्वयन गरिदिएको भए आज बेरुजु बढेर १२ खर्ब पुग्दैनथ्यो । त्यो १२ खर्ब बेरुजुको जिम्मेवारी अब कसले लिने ? यदि जिम्मेवारी कसैले पनि नलिने हो भने १२ खर्ब गुम्न दिने हो ? यो गम्भीर प्रश्न हो । साँच्चै त्यसरी अनियन्त्रित रुपमा बेरुजु बढाउन भूमिका खेल्नेहरु को-को हुन् ? एक-एकको खोजतलास गरी कारबाही गर्नुको विकल्प छैन । वर्षौंदेखि यस प्रकारको आर्थिक अराजकता मच्चिँदा पनि सरकारी निकायमा कसैले कसैलाई कारबाही गरेको रेकर्ड छैन । माथिल्लो निकायले मातहतका निकायमा भएको बदमासीलाई रोक्न र कारबाही गर्न कुनै भूमिका नखेलेकाले बेरुजु बढ्नेजस्तो आर्थिक अराजकता मच्चाउन उनीहरुको पनि संलग्नता रहेको प्रस्टसँग बुझ्न सकिन्छ । बेरुजु बढ्नुमा राजनीतिकभन्दा पनि प्रशासनिक नेतृत्व बढी दोषी छ ।

तीनवटै तहका सरकारले विभिन्न अनुदान वितरण कार्यक्रम सञ्चालन गरी ठूलो रकम खर्चने गरेका छन् । अनुदान वितरण गर्दा लाभग्राही छनोटमा पारदर्शिता हुन सकेको छैन । अनुत्पादक खर्च नियन्त्रण हुनुपर्नेमा त्यस्ता खर्चहरु झनै बढेको छ । यसमा निजामती प्रशासन बढी संवेदनशील हुन जरुरी छ । निजामती प्रशासनले आफूलाई निकम्मा हुनबाट बचाउनुपर्छ ।

निजामती प्रशासन स्थायी सरकार हो । स्थायी सरकारको रुपमा रहेको निजामती प्रशासन निकम्मा हुन गएमा त्यो देशले अभूतपूर्व संकटको सामना गर्नुपर्ने तथ्यलाई अस्वीकार गर्न सकिँदैन । अहिले नेपालले त्यस्तै संकट व्यहोर्नुपर्ने दु:खदायी अवस्था आउन थालेको छ । हामीले सधैँ राजनीतिक नेतृत्वलाई मात्रै दोष दिएर निजामती प्रशासनमा व्याप्त विकृतिलाई औँल्याउन सकेनौँ । हामीकहाँ राजनीतिक नेतृत्व अलि बढी नै विकृत भएकाले प्रशासन आलोचित हुनबाट केही बचेको हो । तर प्रशासनमा विकृति र फोहोरको डङ्गुरको कमी छैन । राजनीतिक नेतृत्व अत्यधिक भ्रष्ट र नैतिकहीन बन्न पुग्दा यहाँको प्रशासन त्यसको छायामा परेको तथ्यलाई सहजै स्वीकार्न सकिन्छ । यस तथ्यबाट सहजै निष्कर्ष निकाल्न सकिन्छ कि नेपालको प्रशासन यन्त्र पनि भ्रष्ट, नैतिकहीन र कामचोर छ । याने कि तरमाराहरुको बिगबिगीले प्रशासन भित्रभित्रै थला परिसकेको छ । प्रशासन सच्चिएन भने यो कोमामा पुग्छ । प्रशासन कोमामा पुग्यो भने मुलुक असफल राष्ट्रको रुपमा चित्रण हुन सक्ने खतरा पनि उत्तिकै छ । प्रशासनिक कुशासनकै कारण मुलुकमा बेरुजु बढेर १२ खर्ब पुगेको हो । लेखा उत्तरदायी अधिकारीको रुपमा र हनुभएका सरकारका सचिवहरुले यो पक्षलाई संवेदनशील भएर सोच्नुपर्छ ।

विशेष गरी पहिलो जनआन्दोलन २०४६ पछि प्राप्त राजनीतिक उपलब्धिले लोकतान्त्रिक पद्धतिको जग बसालेको भए पनि त्यसयता लोकतन्त्रलाई सञ्चालन गर्ने राजनीतिक नेतृत्वमा देखिएको नैतिक स्खलन र भ्रष्ट प्रवृत्तिका कारण मुलुकमा जुनरुपमा विकास र समृद्धिको खाका कोरिनुपर्थ्यो त्यो अनुसार कोरिन सकेको छैन । मुख्यरुपमा राजनीतिको ट्रयाक बिगार्ने काम राजनीतिक नेतृत्वले नै गरेको हो । लोकतान्त्रिक शासन व्यवस्था सञ्चालन गर्ने शासकहरुले नै विगतमा सुरा, सुन्दरी, पजेरो काण्ड तथा सुत्केरी भत्ता काण्डजस्ता अपराधपूर्ण काण्डहरु घटाए । त्यस्ता घटनाहरु घट्ने क्रम अहिले पनि जारी छ । विभिन्न काण्डहरु जस्तो- ललितानिवास काण्ड, वाइडबडी काण्ड, नक्कली भुटानी शरणार्थी काण्डलगायतका काण्डैकाण्ड घटाउने काम मुख्यरुपमा राजनीतिक नेतृत्वबाट भएको छ भने त्यस्ता घटनालाई प्रशासनले पनि नजिकबाट साथ दिँदै आएको देखिन्छ ।

हामीकहाँ राजनीति यसरी लगातार विकृत भइरहँदा स्थायी सरकारको रुपमा रहेको निजामती प्रशासन पनि त्यसरी नै विकृत हुने क्रम किन बढिरहेको छ? यसको कारण समयमा नै पहिचान गरी निजामती प्रशासनलाई बढी इमानदार, दक्ष, व्यावसायिक र नैतिकवान् बनाउनुपर्ने टड्कारो आवश्यकता छ । राजनीतिक नेतृत्वले लुट मच्चाइरहेका छन् । त्यसैले हामीले पनि किन लुट्न नहुने भन्ने सोच प्रशासनिक क्षेत्रमा व्याप्त छ, जसले प्रशासनलाई पनि राजनीतिलाई जस्तै थप बदनाम बनाउँदै लगिरहेको छ ।

वास्तवमा भन्नुपर्दा हरेकजसो सरकार र सरकार सञ्चालन गर्ने राजनीतिक नेतृत्वलाई सफल वा असफल बनाउने प्रमुख भूमिकामा प्रशासन संयन्त्र नै रहेको हुन्छ । प्रशासनले सरकारका विकास योजना तथा जनकेन्द्रित नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी पाएको हुन्छ । तर त्यसको असल कार्यान्वयन नगरिदिएर उनीहरुले राजनीतिक नेतृत्वलाई पनि असफल बनाउन सक्छन् । प्रशासनिक क्षेत्र नैतिकवान्, इमानदार र पारदर्शी बन्न सकेमा उनीहरुले सरकारका हरेक योजना तथा कार्यक्रमहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सक्छन् ।

शासनसत्तामा आउने राजनीतिक नेतृत्वले आफ्ना विकास योजना र नीतिहरु सही रुपमा कार्यान्वयन भए/नभएको बारेमा गहन अध्ययन, विश्लेषण गरी प्रशासनलाई त्यस दिशातर्फ अग्रसर गराउन सक्ने क्षमता राख्न सक्नुपर्छ । तर हाम्रा अधिकांश शासकहरु त्यस्तो क्षमता राख्न सक्दैनन् । प्रधानमन्त्री, मन्त्रीहरुले त्यस्तो क्षमता राख्न सक्नुपर्छ ।

राजनीतिक नेतृत्वबाट बन्ने भनेको अस्थायी सरकार हो । त्यसमा फरक-फरक पार्टी विशेषका व्यक्तिहरु आउने गर्छन् । त्यसरी आउने अस्थिर सरकार भ्रष्ट भयो भन्दैमा स्थायी सरकारको रुपमा रहेको प्रशासन संयन्त्र भ्रष्टाचारमा चुर्लुम्म डुब्नुहुँदैन । लामो करिएर बोकेर निजामती क्षेत्रमा आएकाहरुले छोटो समयका लागि आएको जस्तो गरेर भ्रष्टाचामा लिप्त हुनुहुँदैन । तर कतिपय प्रशासक तथा कर्मचारीहरु मन्त्री तथा राजनीतिक नेतृत्वको चंगुलमा पर्दा भ्रष्टाचारको फन्दामा समेत पर्ने गरेका छन् । नीतिगत भ्रष्टचारसमेत मन्त्री र सचिवकै मिलिभगतमा हुने गरेको छ । मुलुकको विकास र समृद्धिको मार्गचित्र कोर्ने र त्यसलाई कार्यान्वयन गराउने विषय मन्त्री, सचिव तथा कर्मचारीको प्राथमिकतामा पर्दैन । बिचौलिया, माफिया र सेटरहरुसँग उनीहरुको बढी साँठगाँठ हुने गरेको छ ।

पछिल्लो समयमा नक्कली भुटानी शरणार्थी प्रकरणमा तत्कालीन गृहमन्त्रीको चंगुलमा परेर उनलाई सहयोग गर्दा तत्कालीन गृहसचिव अहिले जेलमा पर्न बाध्य भएका छन् । तर मन्त्री भने विभिन्न प्रपञ्च गरेर फुत्किन सफल भएका छन् । अहिले ती फन्दामा पर्ने सचिवलाई सहयोग गर्ने र संरक्षण गर्ने कोही छैनन् । त्यसैले कुनै समस्या तथा जोखिम आइपरेमा बचाउन कोही आउँदैन भन्ने तथ्यलाई आमकर्मचारी वर्गले समयमा नै बुझ्न जरुरी छ । तर विडम्बना, पछिल्ला दिनमा राजनीतिक नेतृत्व र प्रशासकहरु ‘काले काले मिलेर खाऔँ भाले’को सिद्धान्तअनुसार भ्रष्टाचार गरिरहेका छन् ।

मुलुकमा जस्तासुकै विकृति भए पनि राजनीति र प्रशासनको विकल्प भने खोज्न सकिँदैन । राजनीति र प्रशासनको विकल्प भनेकै सक्षम, योग्य र इमानदार राजनीति र प्रशासन नै हो । शासन सञ्चालन गर्ने भनेका यही अहिलेका राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वले नै हो । उनीहरुमा रहेको संस्कार, बानीव्यहोरा र भ्रष्ट चरित्रमा सुधार आउन सकेन भने स्थायी सरकार र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले पनि मुलुक र मुलुकवासीको मुहार हँसाउन सक्ने छैन भने मुलुकको समृद्धिको कल्पना गर्नु कोरा मात्रै हुनेछ । त्यसैले हाम्रो राजनीतिक नेतृत्व र प्रशासन संयन्त्रमा अब आमूल सुधार र रुपान्तरण हुनै पर्छ ।

(साभार: नेपाल समाचार-पत्र)

बजेट : कृषि लगानी दशकमा प्रश्नैप्रश्न

✍ दिपेश नेपाल

अर्थमन्त्री वर्षमान पुनले मंगलबार दुवै संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८१/८२ का लागि बजेट वक्तव्य प्रस्तुत गरे । कुल बजेट (१८ खर्ब ६० अर्ब ३० करोड)को ६१.३१ प्रतिशत रकम चालु बजेटका लागि विनियोजन गरिएको छ भने १८.९४ प्रतिशत मात्रै पुँजीगततर्फ विनियोजन भएको छ । पछिल्लो आर्थिक वर्षभन्दा ६.२ प्रतिशत बढेर आएको बजेटमा कृषिको हिस्सा भने घटेको छ ।

चालु आव २०८०/८१ मा कृषि क्षेत्रमा ५८ अर्ब ९८ करोड विनियोजन गरिएको थियो, यसपालि एक अर्ब ६९ करोड घटाएर ५७ अर्ब २९ करोड मात्रै विनियोजन गरियो । जुन कुल बजेटको ३.०८ प्रतिशत मात्रै हो ।

आन्तरिक राजनीतिक अस्थिरता, बढ्दो अन्तर्राष्ट्रिय ध्रुवीकरण, खाद्यान्नको बढ्दो आयात र बढ्दो जलवायु सङ्कटका बिच आएको यो बजेट खाना र खेतीपातीका दृष्टिकोणले निकै संवेदनशील छ । ठुलो महत्वाकांक्षाका साथ कृषि लगानी दशक भनेर घोषणा गरिएको बजेटले बोकेको कृषिको दिशाबारे समयमै छलफल गर्न आवश्यक छ ।

कृषि क्षेत्रको बजेट निर्माणको धरातल

प्राविधिक रूपमा अहिले कृषिका कार्यक्रम बनाउने मुख्य आधार २० वर्षे कृषि विकास रणनीति, १६औँ आवधिक योजना र कृषि क्षेत्रमा देखिएका समकालीन सङ्कटहरूको हल गर्न भएका अध्ययन तथा अनुसन्धान नै हुन् । अन्य सहायक आधार अन्तर्राष्ट्रिय रूपमा हस्ताक्षर गरेका सम्झौता तथा लक्ष्य हुन्, तर सरकारले सदनमा जेठ ५ गते मुस्किलले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र जेठ १५ गते प्रस्तुत गरेको बजेटको धरालत माथि उल्लेख गरिएका कुनै दस्ताबेजसँग मेल खाँदैन ।

अर्थमन्त्री पुनले पदभाग ग्रहण गरेसँगै दौडधुपबाट असफल रूपमा सम्पन्न गरेको लगानी सम्मेलनको ह्याङ, सरकारका मन्त्री, कर्मचारी र व्यापारीको लबिङ र विकसित देशले दिएका सुझाव नै अहिलेको कृषि क्षेत्रको बजेट निर्माणको धरातल हो भनेर नेपालको कृषिमा चासो राख्ने जो-कोहीले पनि सहजै बुझ्न सक्छन् । यसरी गैर-प्राविधिक र भावनात्मक धरातलमा टेकेर देखाइएको विकास, समृद्धि र उत्पादनको सपना पूरा हुँदैन नै, यसले विकसित गर्ने असरहरूले सर्वसाधारणको जीवनयापनमा झनै सङ्कट थप्छ ।

विरोधाभास

जति विदेशी सुटकेसलाई विस्थापन गरेर आएको अल्लो र ढाकाको झोलामा वैदेशिक लगानीको सपनासहितको बजेट अमिल्दो देखिन्छ त्यति नै यसभित्रका कृषिका कार्यक्रम पनि विरोधाभासले भरिपूर्ण छन् ।

एकातर्फ ‘मेक इन नेपाल’, ‘मेड इन नेपाल’लाई प्रोत्साहन गर्ने उल्लेख गरिएको छ अर्कातर्फ आधुनिकीकरणका नाममा आयातीकरणलाई प्राथमिकतामा राखिएको छ ।

एकातर्फ चुरे संरक्षण भनेर अर्बौं छुट्ट्याइएको छह अर्कोतर्फ जैविक विविधताको बेवास्ता गर्न एक गाउँ एक उत्पादन, एक प्रदेश एक क्षेत्रजस्ता कार्यक्रमको घोषणा गरिएको छ । एकातर्फ जलवायु परिवर्तन अनुकूलनको कार्यक्रम अगाडि बढाउने घोषणा गरिएको छह अर्कोतर्फ जलवायु परिवर्तनको जोखिममा रहेको हिमाली क्षेत्रमा निजी क्षेत्रको नाफामूलक व्यवसाय सहजीकरणको कुरा गरिएको छ ।

एकातर्फ रासायनिक मलको अनुदानका लागि कुल कृषि क्षेत्रको आधा बजेट छुट्ट्याइएको छह अर्कातर्फ रसायनको उपयोगलाई निरुत्साहित गर्ने र जैविक मलको उपयोगलाई प्रवर्द्धन गर्ने कुरा गरिएको छ ।

कृषिमा लगानी दशकमा प्रश्नैप्रश्न

सरकारले आर्थिक वर्ष २०८१/८२ देखि २०९१/९२ लाई कृषिको लगानी दशकको रूपमा घोषणा ग-यो । बजेट प्रस्तुत गर्ने बेला सबैभन्दा बढी ताली कृषि लगानी दशकको घोषणा गर्दा बजेको थियो । प्राथमिक उत्पादन अझ सीमान्तकृत, दलित, विपन्नहरूको मुख्य पेसाका रूपमा रहेको कृषि क्षेत्रमा लगानी गर्ने कार्यक्रम बन्नु अझ लगानी दशक नै घोषणा हुनु निकै खुसीको कुरा हो तर यसरी गरिएको घोषणा कति र कुन क्षेत्रमा कार्यान्वयन हुन्छ ? कार्यान्वयन भएमा यसबाट लाभान्वित को हुन्छ ? यी प्रश्न महत्त्वपूर्ण छन् ।

कृषि क्षेत्रमा विगतका वर्षमा सरकारले लगानी नै नगरेको होइन । सरकारले पछिल्लो पाँच वर्षमा रासायनिक मलको अनुदानका लागि मात्रै ९५.९७ अर्ब रुपैयाँ लगानी गरेको थियो । अनुदानमा उपलब्ध रासायनिक मल किसानले उपलब्ध भएको हदसम्म जति पनि खरिद गर्न पाउँछन्, तर चितवनमा प्राङ्गारिक उत्पादन गर्ने किसानले कृषि ज्ञान केन्द्र र नगरपालिकाबाट दुईपटक मल खरिदका लागि अनुदान लिएको भनेर नगरपालिकाले अनुदान रकम कटौती गरेको उदाहरण हामीमाझ छ । जसले प्रस्ट देखाउँछ, सरकारले अङ्कित गरेको लगानी कुन दिशामा प्रवाह हुन सहज छ । यसरी उत्पादनको वृद्धिका नाममा माटोको निर्जीविकरण गराउने लगानी आवश्यक छ ?

पछिल्ला दशकमा हामीले बारम्बार सुनिरहने एउटा समस्या हो– कृषि अनुदानको दुरुपयोग । कागजी प्रक्रिया पु-याएर शक्ति केन्द्रको नजिक हुनेले बारम्बार ठुलो कृषि अनुदान लिएका उदाहरण यत्रतत्र सर्वत्र देखिन्छन् । पछिल्लो समय ठुला औद्योगिक घराना र बैङ्क तथा वित्तीय संस्थाका साहुहरू पनि कृषि क्षेत्रमा आकर्षित भएका उदाहरण पनि छन् ।

कृषिमा पाउने सहुलियत ऋण लिने किसानको सूचीमा साहुहरूका नाम नै सबैभन्दा अगाडि आउँछन् । यस्तो पृष्ठभूमिमा लगानी दशकको कृषिको लगानी कसलाई भन्ने प्रश्न स्वाभाविक हुन आउँछ ।

कृषि उत्पादन आधारभूत रूपमा केका लागि आवश्यक छ ? आफू खान, परिवारलाई खुवाउन र बाँकी रहेमा बजारमा बेचेर अन्य आवश्यकता पूर्ति गर्न । तर सरकारको नजरमा कृषि उत्पादन खानका लागि भन्दा पनि पहिले बजारको लागि आवश्यक छ । त्यसैले त हरेक तहका कार्यक्रममा कृषि क्षेत्रको व्यावसायीकरण पहिलो प्राथमिकतामा हुन्छ । जसले हामीमा केही प्रश्न उब्जाएको छ ।

हामीले कृषिको व्यावसायीकरणको र टान लाएको दशकौं भइसक्यो तर किन हरेक वर्ष गाउँमा चामल बोकेर गएका ट्रक रित्तै फर्किन्छन् ? किन हरेक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषिको हिस्सा घटिरहेको छ ? अझ पर पुगेर प्रश्न गर्दा– किन अस्पतालमा क्यान्सर, मधुमेह, उच्च रक्तचापका बिरामीको ताँती छ ? यी प्रश्न सँगै जोडिन्छन्, सरकारका लक्ष्य र कृषि विकासको परिभाषा ।

सरकारको १४औँ आवधिक योजनाको उत्पादनको लक्ष्य १६औँ आवधिक योजनासम्म पूरा भएको छैन । माटोलाई नसोधीकनै हामीले पटक-पटक माटोको उत्पादकत्वको लक्ष्य बनाइर हेका छौँ । के हामीले कागजमा लेखिदिएको उत्पादन दिन हाम्रो माटो तयार छ ? जसको उत्तर हामीलाई स्थिर धान र मकैको उत्पादन, घटिरहेको गहुँको उत्पादन र हराएको तेल तथा दालको उत्पादनले दिएको छ । यसबाट प्रस्ट छ, कृषि विकासका लागि पहिले चेतको विकास हुन आवश्यक छ नकि लगानी ।

किसानलाई “टक्सिक एक्जोसिस्टम”

यो वर्षको नीति तथा कार्यक्रम र बजेटमा ‘इकोसिस्टम’ भन्ने शब्दको प्रयोग भएको छ । सामान्य अर्थमा इकोसिस्टम भन्नाले सबै चिजको अन्तर्क्रियाद्वारा बनेको प्रणालीलाई बुझिन्छ ।

अहिलेको बजेटमा बिचौलियासँग अन्तर्क्रिया हुने पपुलिस्ट कार्यक्रमको बोलबाला छ । केही उदाहरण हेरौँ :

फलफूल खेती प्रोत्साहन कार्यक्रम– यसमा बेर्ना नर्सरीबाट या विदेशबाट ल्याएर बेच्नेलाई प्रत्यक्ष रुपमा फाइदा पुग्छ ।

फलफूल जक्सन– जहाँ किसानको उत्पादन गाडीमा ल्याउनेलाई फाइदा पुग्छ । नस्ल सुधार, कस्तुरी मृग सुधार कार्यक्रम– यसले ठुलो लगानी गर्न सक्नेलाई मात्रै फाइदा पु-याउँछ ।

यति मात्र होइन, ठुला फार्मलाई कर्जामा ब्याज अनुदानको व्यवस्थाह राजमार्ग केन्द्रित उत्पादकलाई अर्बौं रकमह सय बिघा, ५० रोपनी र १० बिघा जमिनलाई अनुदान दिनेजस्ता व्यवस्थाले हाकाहाकी नवधनाढ्य र बिचौलियाको इकोसिस्टक विकास गर्न सघाउने निश्चित छ । बहुसंख्यक सीमान्तकृत तथा साना किसानले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने स्रोत र उत्पादनको बजारका लागि तिनै नवधनाढ्य फार्म किसानसँग निहित हुनुपर्ने देखिन्छ ।

संघीयतापछि पनि जनतासम्म सरकार जान सकेन । उसले निजी क्षेत्रलाई व्यापारका लागि जनतासम्म पु-याउने नीति लिएको देखिन्छ । यसले आम किसान ‘टक्सिक एक्जोसिस्टम’ अर्थात् अप्रत्यक्ष रूपमा धेरै प्रभावित हुने निश्चित छ ।

अन्त्यमा, कृषि उत्पादन, उत्पादकत्व, प्रकृति सबै एक-अर्कामा अन्तर्सम्बन्धित छन् । माटोमा विविधता छ, माटोले विविधता खोज्छ । उत्पादनमा विविधता छ, सजिव पोषणले पनि विविधता खोज्छ । प्रकृतिमा विविधता छ, प्रकृतिले पनि विविधता खोज्छ ।

बजेटको भाषा चोर्दा हामीलाई इकोसिस्टम आवश्यक छ– ‘इन्टर्रिलेटेड पिसफुल इकोसिस्टम’, तर सरकारले प्रोत्साहन गर्ने पकेट, चैते धान र हिउँदे मकैले इकोसिस्टम ध्वस्त पार्दै छ । विविधता माथिको प्याकेजको प्रहारले इकोसिस्टम ध्वस्त हुँदै छ । त्यसैले यस्ता विकासे बजेट तथा कार्यक्रममा निर्मम समीक्षा आवश्यक छ ।

यस्ता बजेटहरूको टक्सिक इक्जोसिस्टम खोज्न आवश्यक छ, यस्तो टक्सिक इक्जोसिस्टमबाट साना किसानलाई बचाउन आवश्यक छ । ढिला नगरी यस्ता विषयमा बहस छेड्न आवश्यक छ ।

(साभार: रातोपाटी)

महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १८ गते शुक्रबार ३१ मे २०२४ । अष्टमी, जेष्ठ कृष्णपक्ष । बछलागा ११४४ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ६:५३ । विश्व धुम्रपान विरुद्धको दिवस ।

आजको राशिफल

मेष	: व्यापारमा फाइदा मिल्नेछ	**तुला**	: प्रतिष्ठित काम पाइनेछ
वृष	: इनाम हात पर्नेछ	**वृश्चिक**	: सामाजिक दायित्व बढ्नेछ
मिथुन	: श्रम खेर जानेछ	**धनु**	: काममा सहयोग मिल्नेछ
कर्कट	: पढाइमा प्रगति हुनेछ	**मकर**	: अनावश्यक खर्च हुनेछ
सिंह	: उत्साहमा कमी आउनेछ	**कुम्भ**	: चिताएको काम बन्नेछ
कन्या	: आफन्तबाट धोका हुनेछ	**मीन**	: नसोचेको फाइदा पाइनेछ

हेटौंडामा नवप्रवर्तन उद्यमी विकास सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ आर्थिक मन्दी र बेरोजगारी रहेको भन्दै वैदेशिक रोजगारीमात्रै रोज्ने युवालाई उद्यमको नयाँ आयाम र संभावनाबाट परिचित गराउने उद्देश्यले मकवानपुरको हेटौंडामा नवप्रवर्तन उद्यमी विकास सम्मेलन सुरु भएको छ ।

उद्योग संघ मकवानपुरको आयोजनामा २ दिने सम्मेलन गरिएको हो । उद्योग संघ हेटौडाका अध्यक्ष बद्रीनाथ शर्माका अनुसार सम्मेलन युवाको लागि प्रभावकारी बन्नेछ । प्रविधिअनुसारको सीप र कला हुने हो भने व्यावसायिक तथा उद्यमी बन्न धेरै संभावनहरु पनि छन् । जसलाई यस्ता सम्मेलनले अवसर प्रदान गर्न सक्ने भएकोले सम्मेलनको आयोजना गरिएको बताइएको छ ।

कार्यक्रममा हेटौडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले घरेलु उद्योगलाई प्रोत्साहन गर्ने नीति आफूहरूले लिएको बताइन् । स्थानीय सरकारको रुपमा आफूहरुले तालिमसँगै उद्यमको लागि सहयोग गर्ने गरेको उनले बताइन् ।

कार्यक्रममा उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय बागमती प्रदेशका सचिव राजेन्द्रकुमार केसी, उद्योग संघका पूर्वअध्यक्ष स्वागतराज प्याकुरेल, हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थाप संगीता कुँवर, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाई, मकवानपुर बहुमुखी क्याम्पस प्रमुख यम सिलवाललगायतले युवा उद्यमलाई प्राथमिता दिनुपर्ने बताए ।

दुई दिनसम्म संचालन हुने सम्मेलनमा उदाहरणीय उद्यमीसँग प्यानल छलफल हुनेछ । जसबाट उद्यमका बारेमा टिप्सहरु प्राप्त हुने र आगामी दिनमा उद्यममा सफलताको लागि सहज हुने उद्योग संघ हेटौडाका कार्यकारी निर्देशक शम्भुप्रसाद नेपालले जानकारी दिए । कार्यक्रममा बागमती प्रदेशका विभिन्न जिल्लाबाट युवाको उपस्थिति रहेको छ । युवाले कार्यक्रममा सहभागी सफल उद्यमीसँग आफूहरुको समस्या चुनौती तथा जिज्ञासा माथी समेत अनुभव आदानप्रदान गर्ने अवसर पाउने बताइएको छ ।

खेल पूर्वाधार....

त्यसैअनुरुप जिल्ला खेलकुद समिति प्रदेश मातहत रहेको छ । संघीयता कार्यान्ययन भइरहेको सवालमा पुन जिल्ला खेलकुद समिति केन्द्र मातहत हुन्छ कि भन्ने दुविधा पाल्नु पर्ने आवश्यकता नै छैन । यस्तो स्थितिमा राज्यको ३ तहका सरकारहरु संघ, प्रदेश र स्थानीय तहलाई आफ्नो काम कर्तव्य र अधिकार के-के हुन् कानुन:त स्पष्ट गरिएको छ । स्थानीय तहले खेलाडी उत्पादन गर्नुपर्ने र प्रदेशले त्यसलाई सर्पोट गर्ने कार्यक्रम ल्याएर अगाडि बढ्ने प्रदेशको भावी योजना रहेको छ ।

अहिले स्थानीयतले खेलाडी उत्पादन गर्नेभन्दा पनि धेरै राष्ट्रियस्तरका खेल र जुन खेल हेर्न रमाइलो र बढी भिड हुने गर्दछ त्यसलाई मात्र बढी फोकस गरिरहेको अवस्थामा प्रदेश परिषद् मातहत रहेका जिल्ला खेलकुद समितिमार्फत सबै स्थानीय तहलाई बुझाउने प्रयास गरिरहेको छ । प्रदेशले १३ जिल्लामा रहेका खेलाडी खोज्न हालसम्म २ वटा प्रदेशस्तरीय खेल संचालन गरेको सदस्यसचिव भण्डारीले बताए ।

अहिले भएका खेलाडीले प्रतियोगिता भइरहँदा खेलक्षेत्रमा टिकिरहने अवस्था बन्ने छ । परिषदले जनशक्ति विकासको दीर्घकालीन लक्ष्य बनाउने र अर्को पूर्वधार निर्माणको लक्ष्य बनाउँदै अघि बढिरहेको जनाएको छ । खेलाडीले वर्षमा एकपटक पनि प्रतियोगिता नै हुदैन भने धेरै गुनासो आउने गरेकोमा परिषदले २ वटा प्रदेशस्तरका प्रतियोगिता गरी सुरुवात गरेको थियो । त्यसयता संघले, स्थानीय तहले पनि धेरै राष्ट्रियस्तरका अन्य खेलकुदका प्रतियोगिता गर्न सुरु गरेपछि भने प्रदेश सरकारले आफ्नो रणनीति परिवर्तन गरेको छ । अब प्रदेश सरकारले विभिन्न खेलका खेलाडी उत्पादन गर्न खेल प्रशिक्षक नियुक्त गर्द दैनिक रुपमा खेलको अभ्यास गर्ने बातवारण सिर्जना गरेको सदस्यसचिव भण्डारीले बताए ।

खेल प्रतियोगिता हुने समयमा खेलाडी खोजेर हिड्नुपर्ने अवस्थाको अत्य गर्न परिषदले अग्रसरता देखाएको छ । खेलकुद परिषद गठन भएपछि सातै प्रदेशका सदस्यसचिवको भेला गरेको थियो । भेलाले प्रत्येक वर्ष फरक-फरक प्रदेशले अन्तर प्रदेश खेलकुद प्रतियोगिता संचालन गर्ने निर्णय गरेको थियो । यो निर्णय अनुसार प्रतियोगिता हुने प्रत्येक खेलमा सबले आफ्ना प्रदेश टिम निर्माण गर्नुपर्ने छ । त्यसको एकमात्र उद्देश्य जिल्लामा हुने विद्यालयस्तरका राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र अन्य स्थानीय तहमा हुने प्रतियोगिताबाट निस्केका खेलाडीलाई अघि बढ्न नयाँ प्लेटफम सृजना गर्नु रहेको परिषदले जनाएको छ ।

हेटौंडामा मुक्तकबाट गुञ्जिए ढुंगेल

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ गीतसंगै मुक्तकलेखनमा सक्रिय ढुंगेलले मकवानपुरको हेटौंडामा मंगलबार मुक्तक सुनाएका छन् । मुक्तक मञ्च मकवानपुर शाखाले ढंगेलको मुक्तक सुनाउने चाजोपाजो मिलाएको हो ।

उनले एकल मुक्तकवाचन कार्यक्रममा चोटिला ३० वटा मुक्तक सुनाएका थिए । मुक्तकवाचनको पहिलो सत्रमा ढुंगेलले १५ वटा र दोस्रो सत्रमा १५ वटा राजनीति, सामाजिक, समसामयिक मुक्तक सुनाएका थिए । उनको 'चोट के हो व्यथा के हो' र 'सुवास' गीति एल्बम, भाँचिएको मन गजल संग्रह, 'आनन्दै आनन्द' भक्ति गीति एल्बम तथा 'अक्षरका गोलीहरु' मुक्तकसंग्रह प्रकाशित छन् ।

यस्तै 'चोट के हो व्यथा के हो ?' गीत ढुंगेलले लेखेका हुन् । उनका 'जति चोट दिन्छौ देऊ मायालु', 'फूल झरे पनि काँडा झर्दैन', 'चिता बनाई जलाई नदेऊ' लगायत ३ सय बढी गीतहरु सांगीतिक बजारमा छन् । कार्यक्रममा कमल नेपाल र मिथिला अधिकारीले ढुंगेलका थप ३/३ वटा मुक्तकवाचन गरेका थिए । कवि मुरारी सिग्देलले ढुंगेलको संक्षिप्त परिचय गराएका थिए ।

कार्यक्रममा मकवानपुरका गायक कृष्णगोपाल सिंह र अञ्जन दाहालले ढुंगेलले रचना गरेको गीत प्रस्तुत गरेका थिए । २०७८ पौष १७ गते स्थापित मुक्तक मञ्च मकवानपुर शाखाले स्थापना कालदेखि नै जिल्लाभित्र र बाहिरका मुक्तककार मार्फत् प्रस्तुति गराउने, मुक्तकलेखन कार्यशाला, प्रतियोगिता, पुरस्कार तथा स्रष्टा सम्मानका कार्यक्रम गर्दै आएको छ ।

मुक्तक मञ्च मकवानपुरका अध्यक्ष सागर तिमल्सिनाको अध्यक्षता तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यता भएको कार्यक्रमलाई सस्थाका सचिव सुवास सजलले सहजीकरण गरेका थिए ।

के निर्देशनमा डेब्यु गर्दैछिन् निशा ?

काठमाडौं/अभिनेत्री निशा अधिकारीले निर्माण गरेको पहिलो फिल्म थियो, 'झ्यानाकुटी' । यो २०७४ सालमा आएको थियो । यसबाट उनलाई घाटा भएन । फिल्मको दृश्यभाषा पनि बलियो थियो । अब फेरि उनी फिल्म निर्माणको तयारीमा जुटेकी छन् । 'झ्यानाकुटी' लेखक प्रदीप भारद्वाजले यतिबेला स्क्रिप्ट लेखिरहेका छन् । निशाले यो फिल्मबाट निर्देशनमा पनि डेब्यु गर्न लागेको चर्चा चलिरहेको छ ।

तर, निर्देशनलाई लिएर अहिले कुनै निर्णय नगरेको निशाको भनाई छ । फिल्मीखबरसँगको फोनवार्तामा उनले भनेकी छन्, 'मैले नै निर्देशन गर्ने भनेर अहिले केही सोचेकी छैन । राम्रो फिल्म बनाउनुपर्छ भन्नेमा चाहिँ छु । कथा पनि साह्रै मनपरेको छ । अब स्क्रिप्ट कस्तो बन्छ र त्यसमा मैले कति गर्न सक्छु भन्ने बुझेर मात्र निर्देशनको बारेमा निर्णय लिन्छु । निर्देशन गर्नैपर्छ भन्नेमा चाहिँ म छैन ।'

निर्देशन गर्ने सम्भावना अहिलेलाई ५० प्रतिशत रहेको उनी बताउँछिन् । प्रोडक्सनको आफ्नै 'प्रेसर' हुने भएकाले निर्देशनको बारेमा नसोचेको उनको भनाई छ । 'प्रोडक्सनको काम आफैंमा एकदमै 'प्रेसर'को हुन्छ । निर्देशन पनि गर्दा अर्को 'प्रेसर' थपिन्छ । यसैले स्क्रिप्ट तयार भएपछि निर्देशनको बारेमा सोच्छु,' उनले भनिन् । तर, निशाको मनस्थिति फिलमलाई आफैंले निर्देशन गर्ने देखिन्छ ।

विवाह र सन्तान भएपछि केही वर्ष अभिनयमा निस्क्रिय देखिएकी निशा यतिबेला लगातार फिल्ममा काम गरिरहेकी छन् । गत वर्ष उनको दुईवटा फिल्म 'जय हो' र 'जुलेबी' रिलिज भएका थिए । अब उनको नयाँ फिल्म 'आँखा' आगामी असार १४ गते प्रदर्शनमा आउने तयारीमा रहेको छ । कुनै समय नेपाली फिल्ममा राम्रो उपस्थिति जनाएकी उनले ५० हाराहारी फिल्ममा काम गरेकी छन् ।

सहकारी बचत संसदीय छानबिन समितिले कसरी काम गर्छ ?

काठमाडौं/प्रतिनिधिसभाले मंगलबार 'सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति' गठन गर्‍यो । नेपाली कांग्रेस र नेकपा एमालेका दुई/दुई, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का एक/एक जना सांसद गरी कुल ७ सदस्यीय समिति गठन भएको हो ।

समितिमा एमालेका सूर्यबहादुर थापा क्षेत्री र सरिता भुसाल, कांग्रेसका ईश्वरी न्यौपाने र बद्री पाण्डे, माओवादी केन्द्रका लेखनाथ दाहाल, रास्वपाका शिशिर खनाल र राप्रपाका ध्रुवबहादुर प्रधान सदस्य छन् । समिति सदस्यहरूमध्येबाट सूर्यबहादुर थापा सभापति तोकिएका छन् । प्रतिनिधिसभा नियमावलीको नियम १८० बमोजिम गठन भएको समितिले 'मुलुकको वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याका बारेमा संसद्मा उठेका मुद्दा र कानुन विपरीत बचतकर्ताहरूको बचत दुरुपयोग भए/नभएको विषयमा अध्ययन' गर्नेछ ।

संघीय संसद्मा प्रमुख प्रतिपक्षी कांग्रेस र अन्य केही दलका सांसदले सहकारीको रकम अपचलनका सम्बन्धमा संसदीय छानबिन समिति माग गरेका थिए । सुरुमा सत्तारुढ दल समिति गठनका लागि तयार थिएन । विपक्षी दलहरूले संघीय संसद्मा निरन्तर अवरोध गर्न थालेपछि सत्तारुढ दलहरू समिति गठनका लागि तयार भएका हुन् ।

चार वटा कार्यक्षेत्र

'सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति' का चार वटा कार्यक्षेत्र तोकिएको छ ।

पहिलो : सहकारी संस्थाहरूमा देखिएको संकट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरीवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने ।

दोस्रो : समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढंगले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने ।

तेस्रो : नेपाल सरकार सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनिक गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायत सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपाय सहितको सुझाव दिने ।

चौथो : सहकारी संस्था सदस्य (शेयर धनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानिनोक्सानी पुर्‍याएको भनी संघीय संसद् र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रालि लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानुनी रूपमा प्रवाह भए/नभएको र त्यस्तो गैर कानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानुन बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने ।

सञ्चालकमाथि अनुसन्धान

पहिलो, दोस्रो र तेस्रो कार्यक्षेत्र सहकारी संस्थाहरूमा देखिएको संकट समाधानका लागि नीतिगत रूपमा समस्या केलाउने र सुझाव दिनेसँग सम्बन्धित छन् । ती बचतकर्ताको रकमको दुरुपयोग हुन नदिन कानुनी र संरचनात्मक सुधारका सुझाव दिनुका साथै सहकारीका बचतकर्ताले छिटो बचत फिर्ता कसरी पाउन सक्छन् भनेर उपाय सुझाउनेसँग सम्बन्धित छन् ।

तेस्रो र चौथो कार्यक्षेत्रमा सहकारीका नाम नै लेखेर अनुसन्धान गर्ने भनिएको छ । कार्यक्षेत्रको अनुसूची-१ मा २० वटा सहकारीको नाम छ । अनुसूची-२ मा ९ वटा सहकारी र संस्थाको नाम छ । जसलाई 'समस्याग्रस्त र सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी संस्था' भनिएको छ । अनुसूची-१ मा उल्लेख भएका २० वटा सहकारी संस्थामा देखिएका समस्या र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ भन्ने समितिले अध्ययन गर्नेछ ।

अनुसूची-२ मा गोरखा मिडिया नेटवर्क प्रालि लगायत अन्य कम्पनी वा संस्थाहरूमा रकम पठाउने सहकारीहरूको नाम छ । ती सहकारी तथा संस्थाबाट गोरखा मिडिया नेटवर्क प्रालि लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, उक्त रकम गैर कानुनी रूपमा प्रवाह भए/नभएको समितिले हेर्नेछ ।

रकम प्रवाह गर्दा गैरकानुनी वा अनुचित कार्य भएको पाइएमा त्यसमा संलग्न व्यक्तिहरू अनुसन्धानको दायरामा आउँछन् । समितिले त्यस्ता व्यक्तिहरू दोषी र निर्दोष रहेको निर्क्यौल गर्छ र दोषी देखिएका व्यक्तिहरूलाई कानुन बमोजिम कार बाहीका लागि सिफारिस गर्नेछ । नेपाली कांग्रेसका प्रमुख सचेतक र मेश लेखक सहकारीबाट रकम गैर कानुनी रूपमा प्रवाह भए/नभएको अध्ययन गर्दा स्वत: सम्बन्धित संस्थाका सञ्चालक अनुसन्धानको दायरामा आउने बताउँछन् ।

व्यवस्थापन मिलाउँदै संसद सचिवालय

समितिका सभापति सूर्यबहादुर थापाले बुधवार सभामुख देवराज घिमिरेसँग भेटवार्ता गरेका छन् । सभामुखको कार्यकक्ष सिंहदरबारमा भएको भेटमा आन्तरिक व्यवस्थापनको विषयमा छलफल भएको सभापति थापाले जानकारी दिए ।

'आन्तरिक व्यवस्थापन, कार्यालयको प्रबन्ध, कर्मचारीको व्यवस्थापन हुन बाँकी छ । यो सबै तयारी भएपछि समिति अगाडि बढ्छ', थापाले संचारकर्मीसँग भने । आन्तरिक व्यवस्थापन सिध्याएपछि समितिको बैठक बस्ने र आन्तरिक कार्यविधि तय गरेर अगाडि बढिने सभापति थापाको भनाइ थियो ।

प्रतिनिधिसभा नियमावलीको नियम १८० मा विशेष समिति गठन र यसको कामकारबाही सम्बन्धी व्यवस्था छ । 'विशेष, संवेदनशील वा गम्भीर प्रकृतिका विधेयक वा अन्य कार्यका लागि प्रतिनिधिसभामा आवश्यकतानुसार विशेष समिति गठन गर्न सकिने' व्यवस्था छ ।

यस्तो समितिको बैठक सभापतिले आवश्यकतानुसार बोलाउन सक्नेछ । तर समितिको बैठक स्थगित भएको अवस्थामा छलफल गर्नुपर्ने विषय सहित बैठक बोलाउन उपयुक्त छ भनी समितिका एक चौथाइ सदस्यले सभापतिसमक्ष लिखित अनुरोध गरेमा पाँच दिनभित्र सभापतिले बैठक बस्ने मिति र समय तोक्नुपर्ने हुन्छ ।

समितिको बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका सदस्यले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ । सभापतित्व गर्दा अन्य विषयगत समितिको सभापतिलाई भएको सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

यो समितिको सभापतिमा थापा चयन भइसकेका छन् । अब बस्ने समितिको बैठकले सभापतित्वबारे भएको निर्णय अनुमोदन गर्नेछ । समिति वा उपसमितिको बैठक संसद् भवनको परिसरभन्दा बाहिर बस्नु परेमा सभापतिले सभामुखको लिखित अनुमति प्राप्त गर्नुपर्ने हुन्छ ।

समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको ५१ प्रतिशत हुनेछ । समितिको बैठकमा गणपूरक संख्या नपुगेमा सो संख्या नपुगेसम्म समितिको सभापतिले बैठकको कार्य स्थगित गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ । गणपूरक संख्या नपुगेमा कम्तीमा एक तिहाइ सदस्यको उपस्थितिमा बैठक बस्न सक्नेछ ।

लगातार पाँचवटा बैठकमा सभापतिको अनुमति विना अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेसम्मको व्यवस्था छ । समितिको बैठकमा उपस्थित समितिका सदस्यको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ । समितिको बैठकको निर्णय सभापति र समिति सचिवबाट प्रमाणित हुनेछ ।

सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक कामकारबाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिको सदस्य मध्येबाट उपसमिति गठन गर्न सक्नेछ । उपसमिति गठन गर्दा उपसमितिले गर्नुपर्ने काम र सो काम सम्पन्न हुनुपर्ने अवधि किटान गरिनुपर्ने हुन्छ ।

समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष वा हित समूहका प्रतिनिधि र विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्नेछ । अध्ययनको विषयसँग सम्बन्धित कागजपत्र झिकाउने तथा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन सक्ने अधिकार यो समितिलाई र हन्छ । यस अनुसार सहकारी संस्थाका सञ्चालकहरू समेत समितिमा बोलावट हुँदा जानुपर्ने हुन्छ ।

उपस्थित गराइएको व्यक्ति वा सरकारी पदाधिकारीलाई समितिले आवश्यक भएमा सोधपुछ गर्न वा गराउन सक्नेछ । समितिले आफ्नो कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन सक्नेछ । तर त्यस्तो कागजपत्र पेश गर्दा राष्ट्रिय सुरक्षा, शान्ति र व्यवस्था, सार्वजनिक वा राष्ट्रिय हितको प्रतिकूल हुन जान्छ भन्ने लागेमा मन्त्रीले त्यसको कारण खुलाई सम्बन्धित समितिलाई जानकारी दिनुपर्नेछ । यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।

अध्ययन पश्चात् समितिको प्रतिवेदन तयार हुनेछ । प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने प्रावधान नियमावलीमा छ । समितिले आफ्नो प्रतिवेदन कार्यान्वयन भए/नभएको अनुगमन एवम् मूल्याङ्कन गर्नका लागि सभामा समेत पेश गर्न सक्नेछ । प्रतिवेदनमा छलफल हुँदा छलफलमा उठेका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिनुपर्ने हुन्छ ।

यी सबै कार्य गर्नका लागि समितिको सचिवालय रहनेछ । सचिवालयमा सचिव रहनेछ । संसद् सचिवालयका महासचिवले कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्नेछ । समितिको सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुर्‍याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ ।

यस अनुसार 'सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति'ले आफूलाई तोकिएको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा मात्र छलफल, अध्ययन तथा अनुगमन गर्न पाउनेछ । छानबिन समितिलाई उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नाम जोडिएको भनी आरोप लागेका सहकारी सहित २० वटा सहकारीमा भएको आर्थिक अपचलनका विषयमा छानबिन गर्न कायदिश दिइएको छ ।

(स्रोत: अनलाइनखबर)

अहिले हिरो-हिरोइनले होइन, कलाकारले फिल्म चलाउने युग हो : रेखा थापा

काठमाडौं/कुनै बेला अभिनेत्री रेखा थापाको अनुहार पोस्टरमा राखेको भरमा फिल्म चल्ने युग थियो । करिब एक दशक फिल्म क्षेत्रमा उनको नामको सिक्का राम्रै चल्यो । तर, समय सधैं एकनाश हुँदैन । विगत ७/८ वर्षयता उनको स्टारडम हलमा देखिन सकेको छैन । गत फागुनमा आएको 'उपहार'प्रति उनलाई धेरै ठूलो अपेक्षा थियो । तर, यसले पनि उनको पुरानो स्टारडमलाई पूनर्जीवन दिन सकेन ।

६ महिना अमेरिका बसाईंपछि गत महिना छोरीको साथमा नेपाल आएकी रेखा 'उपहार' अपेक्षाकृत नचलेपछि अब हिरो-हिरोइनले फिल्म चलाउने युग नरहेको निष्कर्षमा पुगेकी छन् । उनले हालै एक अन्तर्वार्तामा भनेकी छन्, 'अहिले कलाकारले फिल्म चलाउने युग हो । हिरो-हिरोइनले हो जस्तो मलाई लागेन ।' फिल्म क्षेत्रमा आएको यो रुपान्तरणलाई उनले सकारात्मक रुपमै लिएकी छन् ।

'पहिला हिरो-हिरोइनको पछाडि काम गर्ने कलाकारहरु अहिले अगाडि आएर कलाकारिताले फिल्म चलाइरहेको देख्दा मलाई गर्व महसुस हुन्छ,' उनी थप्छिन्, 'हिरो-हिरोइन हुनलाई राम्रो हुनुपर्छ भन्ने सोच हट्यो । यो हिसाबले फिल्म क्षेत्रमा रुपान्तरण त भएको छ, तर यसले मात्र पर्याप्त हुँदैन । हामीले बनाउने फिल्म पनि परिमार्जित हुनुपर्छ । र, हिरो-हिरोइनले पनि आफूलाई सुधार्नुपर्छ ।'

'उपहार'ले आगामी फिल्मका लागि कस्तो रणनीति अपनाउनुपर्छ भन्ने सिकाएको उनको अनुभव छ । 'आगामी फिल्मका लागि मैले यो-यो रणनीति प्रयोग गर्नुपर्ने रैछ भन्ने 'उपहार'बाट सिकेको छु । यद्यपि, दर्शकहरुले फिल्म एकदमै रुचाउनुभयो । तर, विडम्बना ! हाम्रो फिल्म २/३ वटा जुध्छन् । जुधेपछि घाटा सबैलाई हुन्छ,' उनले भनिन् । यो फिल्ममा उनको अभिनयसँगै निर्माण पनि थियो ।

'पूर्ण बहादुरको सारङ्गी'मा भित्रिइन् अञ्जना, कसले बन्नेछिन् जोडी ?

काठमाडौं/अभिनेत्री अञ्जना बराइलीका लागि फिल्म करिअर सुखद् बनिरहेको छ । उनलाई पहिलो फिल्म 'महापुरुष'बाटै सफलता मिल्यो । यतिबेला हलमा प्रदर्शन भइरहेको फिल्म 'पूजार सार्की' पनि सफलताको बाटोमा लम्किँदैछ । यसरी हेर्दा उनलाई फिल्ममा राम्रै 'लक' लागेको देखिन्छ । उनलाई फिल्मको प्रस्ताव पनि निरन्तर आइरहेको छ । अहिले उनको पाइपलाइनमा २ वटा फिल्म छन् ।

अघिल्लो वर्ष फिल्म 'सिड्नी ब्लूज' सम्झौता गरेर बसेकी अञ्जना अब अर्को फिल्म 'पूर्ण बहादुरको सारङ्गी'मा पनि भित्रिएकी छन् । बुधबार निर्माण टिमले एक पोस्टरमार्फत् फिल्ममा उनी अनुबन्ध भएको जानकारी गराएको छ । यो फिल्ममा यसअघि अभिनेताद्वय प्रकाश सपूत र मुकन भुषाल अनुबन्ध भैसकेका छन् । उनीहरुमध्ये एकजनाको जोडीको रुपमा अञ्जना प्रस्तुत हुने जनाइएको छ ।

विनोद न्यौपाने, भोलाराज सापकोटा, देशभक्त खनाल लगायतको पनि अभिनय रहने फिल्मलाई सरोज पौडेलले निर्देशन गर्नेछन् । यसमा उनकै कथा छ । यही जेठ २१ गतेबाट छायांकन सुरु हुन लागेको फिल्मको निर्मातामा विनोद पौडेल र प्याट्रिक सुवेदी छन् । नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा वितरण गर्दै आइरहेको कम्पनी 'सेभेन सिज इन्टर टेनमेन्ट'ले यो फिल्मको निर्माण गर्नेछ ।

फिल्मले मौलिक कथाको एउटा गहन र यथार्थ विषय उठाउन लागेको बताइएको छ । महेश दवाडीको पटकथा तथा संवाद रहेको फिल्ममा प्रशान्त सिवाकोटीको संगीत रहनेछ । यो फिल्मको प्रदर्शन मिति आउँदो वर्षलाई तोकिएको छ । यसअघि फिल्मको एक मोसन पोस्टर सार्वजनिक गर्दै कथासारबारे प्रकाश पारिएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

सिमेन्टका माओवादी निकट औद्योगिक मजदुर समाजवादीमा

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/हेटौंडा सिमेन्ट उद्योगमा माओवादी निकट रहेर काम गरिरहेका मजदुर नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन् ।

लामो समयदेखि उद्योग सञ्चालन र नियमित तलब सुबिधाको माग सहित आन्दोलनमा रहेका अखिल नेपाल औधोगिक मजदुर संगठन इकाई कमिटीको मागप्रति कुनै पहल नभइ बेवास्ता गरेको भन्दै उनीहरुले संगठनमा बिद्रोह गरेर समाजवादी रोजेको बताएका छन् ।

सरकारको महत्वपूर्ण पदमा रहँदा पनि उद्योग सञ्चालन र मजदुरको तलब सुबिधालाई बेवास्ता गर्दै पार्टीका नेताहरु आफ्नै शैलीमा अघि बढेपछि संगठनमा र हनुको कुनै औचित्य नभएको भन्दै समाजवादीमा समाहित भएको दीपकसिं थोकरले बताए । उनका अनुसार मजदुर संगठनमा रहेका ५५ सदस्यमध्य ३३ जनाले बिद्रोह गरेर नयाँ ढंगबाट अघि बढ्ने तयारी गरेको बताए ।

संगठन परित्याग गरेका उनीहरुलाई एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज मुनु सिग्देल, पार्टीका केन्द्रीय सदस्य मीनाकुमारी लामा, जिल्ला अध्यक्ष बिष्णु दाहालले टीका र खादा लगाउँदैं स्वागत गरेका थिए । पार्टीमा स्वागत गर्दै जिल्ला इन्चार्ज सिग्देलले मजदुरका सकारात्मक आन्दोलनलाई सफल बनाउका लागि पार्टी सधै सकारात्मक रहने बताइन् । हेटौंडा सिमेन्ट भित्रको बेथितिलाई चिर्दै अघि बढ्नको काममा सधै नेतृत्व मजदुरको पक्षम रहने भन्दै सरकारी स्वामित्वका उद्योग धरासायी बनाउने कामलाई रोक्नतर्फ लाग्न सुझाव दिइन् ।

समाजवादीमा समाहित भएसँगै थोकरको नेतृत्वमा नेपाल औंधोगिक मजदुर संगठन हेटौंडा सिमेन्ट इकाई कमिटी गठन गरएको छ । संगठनको बरिष्ठ उपाध्यक्षमा काशीनाथ सुवेदी, महिला उपाध्यक्ष अमृता थापा, उपाध्यक्ष भरत ठाकुर, सचिव सुरेन्द्र घलान, सहसचिव जुनु अधिकारी र कोषध्यक्षमा अनिल महासेठ चयन भएका छन् । इकाई कमिटीमा १३ जना सदस्य र ४ जना सल्लाहकार रहेका छन् ।

हेटौंडामा जेसीज अध्यक्षहरुको सम्मेलन हुने

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ हेटौंडामा जेसीज अध्यक्षहरुको सम्मेलन हुने भएको छ । जेसीआई मकवानपुरगढीको आयोजनामा नेपाल जेसीजअन्तर्गत् 'एरिया बी' को अध्यक्षहरुको सम्मेलन १८ र १९ गते हेटौंडामा हुने भएको हो ।

आयोजक जेसीज अध्यक्ष बिजय पुडासैनीका अनुसार सम्मेलनमा करिब एक सय २० जनाको उपस्थिति रहनेछ । 'एरिया बी' अन्तर्गतका सन् २०२३ र २०२४ का अध्यक्षहरुको २ दिनसम्म हेटौंडामा हुने भेलाले यस क्षेत्रको पर्यटन विकासमा टेवा पुग्ने दावी गरिएको छ । 'एरिया बी' मा ४१ वटा जेसीजका शाखाको आबद्धता रहेको छ । सन् २०२२ मा स्थापित मकवानपुरगढी जेसीजले राष्ट्रियस्तरको कार्यक्रम गर्न लागेको पहिलोपटक हो ।

यसअघि जेसीजले राष्ट्रिय जेसीज कप फुटसल प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिसकेको छ । जेसीज संस्थापक अध्यक्ष पुष्पराज पुडासैनीका अनुसार सम्मेलनमा करिब ५ लाख रुपैयाँ खर्च अनुमान गरिएको छ । सम्मेलनको उद्घाटन नेपाली कांग्रेस वाग्मती प्रदेश सभापति एवम् प्रदेश सांसद इन्द्रबहादुर बानियाँले गर्नेछन् ।

धितो मूल्यांकनकर्ताको भेला मार्खुमा

साझाकुरा संवाददाता

हेटौंडा, १६ जेठ/ मकवानपुरमा धितो मूल्यांकनकर्ताको रुपमा काम गरिरहका फर्महरुको साझा संस्था नेपाल भ्यालुअर्स एशोसिएसन (एनभीए) मकवानपुर च्याप्टरको प्रथम अधिवेशन तथा एकदिने कार्यशाला मकवानपुरको रमणीय क्षेत्र मार्खुमा मंगलवार सम्पन्न भएको छ ।

एनभीए मकवानपुर च्याप्टरको तदर्थ समितिका अध्यक्ष सगुन श्रेष्ठको सभापतित्वमा संचालन भएको कार्यक्रमको औपचारिकसत्रमा प्रमूख अतिथि एनभीए केन्द्रीय समिति अध्यक्ष ऋषि कोइराला रहेका थिए । कार्यक्रममा एनभीए कोशी प्रदेश अध्यक्ष आमोदराज आचार्य, आईभीएससी प्रशिक्षक सुशीलकुमार अमात्य, एनभीए चितवन च्याप्टर सदस्य कपिलप्रसाद अधिकारीले केन्द्रीय तथा क्षेत्रीयस्तरमा मूल्याकंनकर्ताको हकहित तथा समस्या समाधानको लागि निर्वाह गरेको भूमिकाबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा मकवानपुरका पुराना मूल्यांकनकर्ता तथा हेटौंडा उपमहानगरका वरिष्ठ इन्जिनियर सत्यनारायण साहले मकवानपुरका मूल्यांकनकर्ताले भोग्नुपरेका दुविधा तथा नीतिगत समस्या राखेका थिए । कार्यक्रमको दोस्रोसत्रमा ती दुविधा तथा समस्याको समाधानका उपाय तथा मूल्यांकनका प्राविधिक अनि व्यवहारीक पाटोका बारेमा प्रशिक्षकद्वय अमात्य र आचार्यले सहजीकरण गरेका थिए ।

अधिवेशनले प्रथम कार्यकारिणी समितिको चयन गरेको छ । नौ सदस्यीय कार्यसमिति निर्विरोध चयन भएको घोषणा गरिएको नवनिर्वाचित सचिव अनिल बानियाँले जानकारी दिए । कार्यसमिति अध्यक्षमा सगुन श्रेष्ठ, उपाध्यक्षमा रवि आचार्य, सचिवमा बानियाँ, कोषाध्यक्षमा अस्मिता श्रेष्ठ तथा सदस्यहरुमा असगर अन्सारी, कृष्ण अधिकारी, दिपेशसिंह भण्डारी, मनिष महर्जन र सौरभ सुवेदी रहेका छन् ।

एनभीए मकवानपुर च्याप्टरमा धितो मूल्यांकनकर्ताहरुको साझा संस्था तथा राष्ट्रियस्तरको संस्था एनभीए केन्द्रीय समितिको आधिकारीक जिल्ला संगठन भएको बताइएको छ । अबको एजेन्डा एनभीए बागमती प्रदेशको गठनमा हेटौंडा प्रदेश राजधानी भएकोले मकवानपुर च्याप्टरको भूमिका अग्रणी हुनुपर्ने तथा प्रादेशीक समितिको कार्यालय हेटौंडामा रहनुपर्नेमा केन्द्रीत रहने नवनिर्वाचित समितिका सदस्य सुवेदीले बताए ।

बागमतीमा सन्तुलित र समावेशी बजेट ल्याउन सांसदहरुको माग

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ बागमती प्रदेशसभा बैठकमा सांसदहरुले बजेट सन्तुलित र समावेशी बनाउन सरकार समक्ष माग गरेका छन् । बुधबार बसेको प्रदेश सभाको बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम माथि छलफल गर्दै सांसदहरुले विगतको कमजोरी हटाएर सन्तुलित र समावेशी बजेट ल्याउन माग गरेका हुन् ।

बैठकमा ११ जना सांसदले सरकारको नीति तथा कार्यक्रम माथि छलफलमा भाग लिएका थिए । नेपाली कांग्रेसबाट संसदीय दलका नेता बहादुरसिंह लामा, मसिना खड्का, रामकुमार पहाडी, प्रभात तामाङ, उत्तम जोशी र समिता खड्गीले सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिएका थिए । यस्तै सत्ताधारी माओवादी केन्द्रबाट मातृका भट्टराई, तारानारायण श्रेष्ठ, एमालेबाट बालकुमारी विक, ठुला थामीले छलफलमा भाग लिएका थिए । राप्रपाबाट राजु विष्टले सरकारको नीति तथा कार्यक्रममाथि टिप्पणी गरेका थिए ।

बैठकमा सांसद जोशीले सरकाले नीति तथा कार्यक्रममा थुप्रै विषयहरु छुटाएको बताए । सरकारले नीति तथा कार्यक्रममा सबै क्षेत्रलाई छुन कोसिश गरेपनि नसकेको उनले बताए । सरकारले प्रदेशका सबै विषयलाई समेट्न नसकेकाले बजेट सन्तुलित हुन्छ भन्नेमा विश्वस्त हुने अवस्था नरहेको उनको भनाई छ ।

एमाले सांसद थामीले सरकारले विपद् प्रभावितलाई सरकारले बजेट विनियोजनमा विभेद गरेको बताए । दोलखा, सिन्धुपाल्चोक लगायतका विपद् प्रभावित जिल्लामा सरकारले प्रतिकार्य तथा राहतसामग्री वितरणमा सन्तुलित ढंगबाट बजेट उपलब्ध गराउन नसकेको उनले बताए । वातावरण संरक्षणमा पनि सरकारको बजेट सन्तुलित हुन नसकेको उनको भनाई छ । सीमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन प्राथमिकताका साथ बजेट विनियोजन गर्नुपर्ने उनको भनाई छ ।

सांसद बालकुमारी विक्ले पिछडिएको वर्गलाई सरकारले प्राथमिकताका साथ बजेट कार्यक्रम दिएर सशक्तीकरणमा सहभागी गराउन माग गरिन् । सरकारको प्रयत्न सकारात्मक रहेपनि सन्तुलित बजेट ल्याउन नीति तथा कार्यक्रमको तालमेल मिलाउन जरुरी रहेको उनले बताइन् । सांसद भट्टराईका अनुसार सरकारले सामान्य नागरिक लक्षित कार्यक्रम ल्याएर बजेटमा समावेश गर्नुपर्ने हुन्छ । सामन्य नागरिकले टुक्रे तथा साना आयोजनाबाट राज्यको महसुश गर्ने भएकाले त्यसतर्फ केन्द्रित हुन जरुरी रहेको उनको भनाई छ । सांसद तारानारायण श्रेष्ठले नीति तथा कार्यक्रमलाई सही ढंगबाट कार्यान्वयन गर्न अग्रसर रहनुपर्ने बताए । नीतिगत रुपमा नै बजेट विनियोजनमा हुने असन्तुलन हल गर्न उनले आग्रह गरे ।

गर्मी याममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

☞ पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
☞ मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
☞ सडेगलेको र बासी खानेकुरा नखाऔं,
☞ खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
☞ धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
☞ घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
☞ घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
☞ व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा बिरामीले बिलबमोजिम बढीमा पचास हजार रुपैंयासम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

हार्दिक बधाई तथा शुभकामना

अध्यक्ष : ई सगुन श्रेष्ठ, **उपाध्यक्ष** : ई रवि आचार्य, **सचिव** : ई अनिल बानियाँ, **कोषाध्यक्ष** : आ. अस्मिता श्रेष्ठ
सदस्यहरु : ई असगर अन्सारी, ई कृष्ण अधिकारी, ई दिपेशसिंह भण्डारी, ई मनिष महर्जन र ई सौरभ सुवेदी

मकवानपुर जिल्लामा धितो मूल्यांकनकर्ताको रुपमा काम गरिरहका फर्महरुको साझा संस्था नेपाल भ्यालुअर्स एशोसिएसन (एनभीए) मकवानपुर च्याप्टरको प्रथम अधिवेशनबाट निर्विरोध निर्वाचित कार्यसमितिलाई हार्दिक बधाईका साथै आगामी कार्यकाल पूर्णसफलताको शुभकामना व्यक्त गर्दछौं ।

आस्मा इन्जिनियरिङ्ग कन्सल्टेण्ट्स
हेटौंडा, मकवानपुर

लर्ड कृष्ण इन्जिनियरिङ्ग कन्सल्टेन्सी
मलंगवा, शाखा कार्यालयः हेटौंडा

ओपन कन्सल्ट्यान्ट एण्ड रिसर्च सेन्टर
प्रा.लि., काठमाडौं, शाखा कार्यालयः हेटौंडा

एस टिम कन्सल्टेन्सी सर्भिसेज
हेटौंडा, मकवानपुर

एस इन्जिनियरिङ्गकन्सल्टेन्ट एण्ड
डेभलपमेन्ट सर्भिसेज, हेटौंडा

म्याक्स इन्जिनियरिङ्ग प्रा.लि.,
चितवन, शाखा कार्यालयः हेटौंडा

अप्टीमल इन्जिनियरिङ्ग सोलुसन,
हेटौंडा, मकवानपुर

एस.एन. इन्जिनियरिङ्ग कन्सल्टेन्सी
हेटौंडा, मकवानपुर

बी.जी. कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा, मकवानपुर

पृथक इन्जिनियरिङ्ग
कन्सल्ट्यान्ट्स इन्जिनियर्स एण्ड
आर्किटेक्ट्स प्रा लि, काठमाडौं
शाखा कार्यालयः हेटौंडा

सौगात कन्सल्टेन्ट
हेटौंडा, मकवानपुर

सगुन कन्सल्टेन्ट, हेटौंडा

बेसीस कन्सल्टिङ्ग सर्भिस प्रा.लि., भरतपुर,
शाखा कार्यालयः हेटौंडा

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:
☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना